# वित्तीय साक्षरता सम्वन्धी गोष्ठी सम्पन्न

रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेण्टर लि.(RMDC) काठमाण्डौंले २०७४ भाद्र २७ गते सक्षम आयोजनाको सहकार्यमा वित्तीय साक्षरता पाठ्यक्रम निर्धारण सम्बन्धी १ दिने छलफल गोष्ठी होटल सिग्नेट कृष्णा, नेपालगंजमा सम्पन्न गरेको छ । उक्त छलफल गोष्ठीमा नेपालको पश्चिम क्षेत्रका १४ जिल्लामा अवस्थित सेण्टरका ३६ वटा साझेदार लघुवित्त तथा सहकारी संस्थाहरुका ३६ जनाको सहभागीता रहेको थियो । उक्त कार्यक्रम संचालन सेण्टरका बरिष्ठ अधिकृत श्री भोला नाथ रेग्मीले गर्नु भएको थियो । उदघाटन सत्रमा सक्षम एक्सेस टु फाइनान्स कार्यक्रमका Financial Capability and Training Specialist श्री सुमन ढकालले लघुवित्त कार्यक्रमले गरिबी निवारण र वित्तीय पहुँच पुऱ्याउन खेलेको भुमिकाको बारेमा चर्चा गर्दै वित्तीय साक्षरता वढाउन सक्षम कार्यक्रमले आर.एम.डी.सी.संग सहकार्य गरेको वताउनु भयो । साथै यस क्रममा वहाँले सक्षम कार्यक्रमले लघुवित्त र सहकारीका सदस्यहरुमा वित्तीय साक्षरताको जानकारी वढाउन गरेका विभिन्न क्रियाकलापहरु वारे जानकारी दिनु भयो । सोही क्रममा उहाँले वित्तीय साक्षरताको लागि आवश्यक पर्ने पाठ्यक्रम निर्धारणको लागि आर.एम.डी.सी.ले आयोजना गरेको उक्त गोष्ठीको सफलताको लागि शुभकामना समेत दिनु भएको थियो ।




गोष्ठीको मूख्य लक्ष लघुवित्त तथा सहकारी कार्यक्रम सरल, सहज र वित्तीय समावेसीकरण गराउन केन्द्रीत गरि वित्तीय साक्षरताको पाठ्यक्रम निर्धारण गरी तालिम पुस्तिका विकास गर्ने र संस्थाहरुलाई वित्तीय साक्षरताको तालिम पुस्तीका वितरण पूर्व संस्थाका केही कर्मचारीहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम समेत दिइने जानकारी गराइएको थियो । गोष्ठी कार्यक्रमको सहजीकरण फिनलिट नेपालका कार्यकारी निर्देशक श्री प्रकाश कोइरालाले गर्नु

भएको थियो । गोष्ठीमा वित्तीय साक्षरताको परिचय, वित्तीय योजना, बचत, ऋण वितरण तथा ऋणको सदुपयोगिता, वित्तीय अनुशासन, विप्रेषण रकमान्तर गर्ने तरिका, वित्तीय सम्झौता वार्ता तथा सहभागीवाट प्राप्त अन्य सुझावहरु तालिम पुस्तकमा समावेश गरिने बारे छलफल भयो ।

